सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८१/०८२
चलानी नं.

# परीक्षा मिति तोकिएको सूचना !

सिद्धलेक गाउँपालिकामा नगर प्रहरी सेवा संचालनको लागि दरखास्त आव्हान गरिएकोमा तोकिएको सयमावधिभित्र यस गाउँपलिकामा दरखास्त पेश गरेका उम्मेदवारहरुको लिखित परीक्षा, शारिरिक सीप परीक्षण र अन्तर्वार्ता निम्न मिति र समयमा गाउँ कार्यपालिकाको कार्यालय, बुङचुङमा हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । परीक्षामा उपस्थित हुँदा प्रवेश पत्र, नागरिकता, शैक्षिक योग्यता तथा अनुभवको सक्कलै प्रमाणपत्र ल्याउनु पर्नेछ । परीक्षा समय भन्दा ३० मिनेट अगावै परीक्षा स्थलमा आइपुग्नुपर्नेछ । पाठ्यक्रम लगायत परीक्षा संचालनको मापदण्ड यसैसाथ संलग्न छ ।

**निम्नानुसार**

| क्र.सं. | विज्ञापन नं | पद | परीक्षाको किसिम | परीक्षा हुने मिति र समय |
|---|---|---|---|---|
| १ | ७/२०८०/०८१ | नगर प्रहरी सहायक निरीक्षक | लिखित | २०८१/०८/१५ विहान ११ वजे |
| | | | शारिरिक सिप परीक्षण | २०८१/०८/१६ विहान ११ वजे |
| | | | अन्तरवार्ता | २०८१/०८/१७ विहान ११ वजे |
| २ | ८/२०८०/०८१ | नगर प्रहरी हवल्दार | लिखित | २०८१/०८/१५ विहान ११ वजे |
| | | | शारिरिक सिप परीक्षण | २०८१/०८/१६ विहान ११ वजे |
| | | | अन्तरवार्ता | २०८१/०८/१७ विहान ११ वजे |
| ३ | ९/२०८०/०८१ | नगर प्रहरी जवान(खुला) | लिखित | २०८१/०८/१५ विहान ११ वजे |
| | | | शारिरिक सिप परीक्षण | २०८१/०८/१६ विहान ११ वजे |
| | | | अन्तरवार्ता | २०८१/०८/१७ विहान ११ वजे |
| ४ | १०/२०८०/०८१ | नगर प्रहरी जवान(महिला) | लिखित | २०८१/०८/१५ विहान ११ वजे |
| | | | शारिरिक सिप परीक्षण | २०८१/०८/१६ विहान ११ वजे |
| | | | अन्तरवार्ता | २०८१/०८/१७ विहान ११ वजे |

मितिः- २०८१/०८/०७

राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Website: www.siddhalekmun.gov.np Email: info@siddhalekmun.gov.np & sidhalekhruralmun@gmail.com

Scanned with CamScanner

## "सिद्धलेक गाउँपालिका नगर प्रहरी पदपूर्ति सम्बन्धी मापदण्ड, २०८१"

सिद्धलेक गाउँपालिकाको नीति, नियम, निर्णय, मापदण्ड तथा प्रशासनिक आदेशहरुको कार्यान्वयनमा सहयोग र सहजीकरणका लागि सुरक्षा, संरक्षण, व्यवस्थापन, नियन्त्रण, खोजी उद्धार राहत तथा पुनर्स्थापना गर्न सिद्धलेक गाउँपालिकाद्वारा जारी गरिएको नगर प्रहरी ऐन, २०८० को दफा ११ बमोजिमको अधिकार प्रयोग गरी रिक्त रहेका विभिन्न पदहरुमा पदपूर्तिका लागि सिद्धलेक गाउँपालिका नगर प्रहरी पदपूर्ति सम्बन्धी मापदण्ड, २०८१ बनाईएको छ ।

**१. नामः-** यस मापदण्डको नाम " सिद्धलेक गाउँपालिका नगर प्रहरी पदपूर्ति सम्बन्धी मापदण्ड, २०८० रहेको छ ।

**२. पदपूर्तिको कार्यतालिकाः-**

१. सिद्धलेक गाउँपालिका नगर प्रहरी ऐन, २०८० को दफा ७ बमोजिमका पदहरुमा पदपूर्तिका लागि नगर प्रहरी भर्ना गर्ने सम्बन्धी १५ दिने सूचना प्रकाशन गर्ने ।

२. दरखास्त दिने समयावधि समाप्त भएपछि उचित समय निर्धारण गरी नगर प्रहरी छनौट परीक्षा संचालन गरिनेछ ।

**३. पाठ्यक्रम:-**

सिद्धलेक गाउँपालिका नगर प्रहरी नियमावली, २०८० नियम ८ मा भएको व्यवस्था बमोजिम नगर प्रहरीको छनौट गर्ने संचालन गर्ने छनौट परीक्षा देहाय बमोजिम छनौट परीक्षा संचालन गरिनेछ ।

**क) शारीरिक सीप परीक्षण:-**

१. शारीरिक परीक्षणको कुल अंकभार ५० अंकको रहेको छ। शारीरक परीक्षणको कुल अंकलाई देहाय बमोजिम विभाजन गरिएको छ ।

| क्र.सं. | शारीरिक सीप परिक्षण शिर्षक | अंक भार |
|---|---|---|
| १. | सेट अप | १० |
| २. | पुस अप | १० |
| ३. | चिन अप | १० |
| ४. | दौड | २० |

२. दफा (१) बमोजिम विभाजन गरिएको शारीरिक परीक्षणको अंकभार देहाय बमोजिम निर्धारण गरिएको छ ।

सिद्धलेक गाउँपालिका

क) सेट अप, पुस अप र चिन आपको अंक भार देहाय बमोजिम हुनेछ ।

| क्र.स. | शारीरिक परीक्षण शिर्षक | संख्या (पटक) | प्रति पटक अंक | जम्मा अंकभार |
|---|---|---|---|---|
| १. | सेट अप | १० | १ | १० |
| २. | पुस अप | १० | १ | १० |
| ३. | चिन अप | ५ | २ | १० |

तर माथि जुनसुकै कुरा उल्लेख भएता पनि महिलाको हकमा चिन अप गर्दा तीस सेकेन्ड सम्म झुण्डिएमा पास भएको मानिनेछ ।

ख) दौडको अंक भार देहाय बमोजिम हुनेछ ।

| क्र.स. | पद | पार गर्नुपर्ने जम्मा दुरी | समय | अंक भार |
|---|---|---|---|---|
| १. | नगर प्रहरी सहायक निरीक्षक | २ कि.मि. | १५ मिनेट | १५ मिनेटमा पार गर्ने उम्मेद्वारलाई ८ अंक प्रदान गरिने छ। प्रति ३० सेकेन्ड अगाडी पार गर्ने उम्मेद्वारलाई एक अंकका दरले अंक थप गरिने छ। |
| २. | नगर प्रहरी हवल्दार | २ कि.मि. | १५ मिनेट | १५ मिनेटमा पार गर्ने उम्मेद्वारलाई ८ अंक प्रदान गरिने छ। प्रति ३० सेकेन्ड अगाडी पार गर्ने उम्मेद्धारलाई एक अंकका दरले अंक थप गरिने छ। |
| ३. | नगर प्रहरी जवान (पुरुष) | २ कि.मि. | १३ मिनेट | १३ मिनेटमा पार गर्ने उम्मेद्वारलाई ८ अंक प्रदान गरिने छ। प्रति ३० सेकेन्ड अगाडी पार गर्ने उम्मेद्वारलाई एक अंकका दरले अंक थप गरिने छ। |
| ४. | नगर प्रहरी जवान (महिला) | १.५ कि.मि. | १२ मिनेट | १२ मिनेटमा पार गर्ने उम्मेद्वारलाई ८ अंक प्रदान गरिने छ। प्रति ३० सेकेन्ड अगाडी पारगर्ने उम्मेद्वारलाई एक अंकका दरले अंक थप गरिने छ। |

**ख) लिखित परीक्षा:-**

"लिखित परीक्षाको कुल अंकभार ५० अंकको रहेको छ । दुई अंकभार भएका २५ ओटा वस्तुगत प्रश्नहरु सोधिनेछ । गलत उत्तरको Negative marking ( नकरात्मक अंक) गरिने छैन । लिखित परीक्षाको लागि देहाय बमोजिमको पाठ्यक्रम निर्धारण गरिएको छ ।

१) सामान्य ज्ञान

- भूगोल:- राष्ट्रिय भूगोल, स्थानीय भूगोल
- समसामयिक
- राष्ट्रिय राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक पक्ष

२) गणित सम्बन्धी सामान्य जानकारी

३) सेवा सम्बन्धी ( नगर प्रहरीको गठन, काम कर्तव्य र अधिकार)

**ग) अन्तर्वार्ता:-** लिखित परीक्षाको कुल अंकभार ४० अंक निर्धारण गरिएको छ ।

**घ) स्थानीय वासिन्दालाई अंक:-** स्थानीय वासिन्दा ( सिद्धलेक गाउँपालिकामा स्थाई बसोबास भएका व्यक्ति) लाई १० अंक निर्धारण गरिएको छ ।

**४. आमन्त्रित गर्न सकिने:-** नगर प्रहरीको परीक्षा संचालन गर्दा आवस्यकता अनुसार विषय विज्ञलाई आमन्त्रित गर्न सकिने छ ।

**५. खारेजी:-** पदपूर्ति प्रकृया समाप्त भए पश्चात यो मापदण्ड खारेज हुनेछ। आवश्यकता बमोजिम परीक्षाको लागि Reference को रुपमा लिन सकिने छ ।

सिद्धलेक गाउँपालिका